# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८१/०५/३०
बैठक संख्या: ३८
समय: बिहान ११:०० बजे।

अर्थ समितिको आज बसेको बैठकमा देहाय बमोजिमको छलफल र निर्णय भयो :-

समितिमा विभिन्न मितिमा प्राप्त नेपाल धितोपत्र बोर्डसँग सम्बन्धित उजुरीका सम्बन्धमा र नेपाल धितोपत्र बोर्डले देखेका समस्या र समाधानका उपाय लगायत अन्य सम्बन्धित विषयमा समितिका माननीय सदस्य र नेपाल धितोपत्र बोर्डका अध्यक्ष लगायत अन्य पदाधिकारीहरुसँग छलफल गरी देहाय बमोजिम सुझाव तथा निर्देशन दिने :-

१. नेपाल धितोपत्र वोर्डले रू ९० प्रतिशेयर नेटवर्थ कायम नहुने कम्पनीलाई IPO निश्कासनका लागि रोक लगाएको र सो कारणले पुँजि बजार तथा लगानीकर्तामा ठुलो निराशा छाएको भनी समितिमा मिति ०८१/५/५ गते दर्ता भएको उजुरीका नेपाल धितोपत्र बोर्डसँग विवरण माग गरिएकोमा धितोपत्र बोर्डबाट *"प्रारम्भिक सार्वजनिक निष्काशनको स्वीकृति प्रदान गर्ने सम्बन्धमा धितोपत्र सम्बन्धी प्रचलित ऐन, नियममा कम्पनीको नेटवर्थको न्यूनतम सीमा नतोकिएको तथा वास्तविक नेटवर्थको परिभाषा समावेश नभएको"* भनी जवाफ प्राप्त भएको छ। धितोपत्र बोर्डको जवाफमा IPO निश्कासनमा नेटवर्थको सीमा' तोक्ने कानूनी प्रावधान नभएको स्पष्ट स्वीकारोक्ती आएको हुँदा यसरी पूँजी सिर्जनामा लगाइएको बन्देजलाई लामो समयसम्म यथास्थितिमा राखिरहनु उचित हुँदैन। यो विषयसँग उठेका प्रश्नहरूको सम्बोधन हुने गरी धितोपत्रसँग सम्बन्धित राष्ट्रिय एवं अन्तराष्ट्रिय कानून, सो को कार्यान्वयन, अन्य मुलुकमा भएका प्रावधान र सुधार गर्नुपर्ने पक्ष सहितको सुझाव १५ दिन भित्र समिति समक्ष पेश गर्न धितोपत्र बोर्डलाई निर्देशन दिने र सो सम्बन्धमा समितिमा विस्तृत छलफल गरी आवश्यक निर्णय लिने।

२. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

........................
रेखा उपाध्याय खनाल
समित सचिव

........................
सन्तोष चालिसे
सभापति